बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

गण्डकी प्रदेश

प.सं: ०८२/०८३
च.नं:

मितिः २०८२/१२/२५
ने.स. ११४६ चौलागा, षष्ठी

# संस्था खारेजी सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति २०८२।१२।२५**

प्रस्तुत विषयका सम्बन्धमा यस नगरपालिकामा साविक डिभिजन सहकारी कार्यालय बाग्लुङ्गबाट हस्तान्तरण भई आएको दर्ता नं. ४२०(०६६/०६७) को बेनी उपभोक्ता सहकारी संस्था लिमिटेडले हाल कुनै पनि कारोबार नगरी निष्कृय अवस्थामा रहेको हुँदा संस्था खारेजी गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिएकोले उक्त संस्थासँग कोही कसैको लेनदेन बाँकी रहेको भए यसै सूचनालाई आधार मानी आवश्यक प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उपस्थित हुन अनुरोध छ, अन्यथा तोकिएको मितिभित्र सम्पर्कमा नआएमा बेनी नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ६६ को उपदफा (३) को खण्ड (क) बमोजिम उक्त संस्थाको दर्ता खारेजी भई जाने वेहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ भन्ने वेहोराको पहिलो पटक ३५ दिने सूचना मिति २०८२।०९।०७ मा र दोस्रो पटक मिति २०८२।११।१२ मा १५ दिने सूचना रिखार राष्ट्रिय दैनिक पत्रिका तथा बेनी नगरपालिकाको वेभसाइटमा प्रकाशन गरिएकोमा दावी विरोधका लागि कोही पनि कार्यालयमा सम्पर्कमा नआएको, कार्यालयबाट स्थलगत अनुगमन गर्दा लगातार दुई बर्ष भन्दा बढी समय कारोबार नगरी निष्कृय रहेको पाइएको, उक्त संस्थाको साधारण सभाको वहुमत सदस्यबाट संस्था खारेजीका लागि निर्णय भै निर्णय प्रतिलिपी प्राप्त भै आएको, लेखापरीक्षण प्रतिवेदन र स्थलगत मुचुल्का लगायतका कागजातका आधारमा यस कार्यालयको मिति २०८२।१२।२४ को निर्णयानुसार मिति २०६६।०४।१६ गते साविक सहकारी डिभिजन कार्यालय बाग्लुङ्गबाट बेनी न.पा. ७ ठेगाना भै दर्ता नं. ४२० कायम भएको बेनी उपभोक्ता सहकारी संस्थाको दर्ता खारेजी भै सकेकोले उक्त संस्थाको लिक्विडेशन गर्नका लागि मिति २०८२/१२/२४ मा यस कार्यालयमा कार्यरत म सहायक प्रशासकीय अधिकृत प्रभा शर्मालाई लिक्विडेटरको नियुक्ति गरिएकोले उक्त संस्थासँग लिनु दिनु पर्ने भएमा सवुद प्रमाणसहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको सहकारी शाखामा सम्पर्क गर्न आउनु हुन संस्थाका सम्पूर्ण शेयर सदस्य एवं सरोकारवाला सबै सङ्घ/संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

प्रभा शर्मा
लिक्विडेटर
सहकारी शाखा प्रमुख
बेनी नगरपमालिका

फोन नं-०६९-५२१०९५/५२०१२०फ्याक्स नं. ०६९-५२१०९५वेबसाइटः www.benimun.gov.np
इमेल: info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुक:www.facebook.com/beninagarpalika